# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७५/७६
च.नं. १२६६

मिति :- २०७५/११/२७

श्री वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत ।

**बिषय :-आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमको सहमति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँको प.सं. २०७५/०७६ च.नं. १४७९ मिति २०७५/८/२१ को पत्रसाथ संलग्न गरिएको सडक मर्मत संभार सम्बन्धी बार्षिक कार्यक्रम मिति २०७५/१०/११ मा प्राप्त भई व्यहोरा अवगत भयो । त्यस निकायको स्वामित्वमा रहेको स्थानीय सडकहरू मध्ये प्राथमिकताको आधारमा कालोपत्रे सडकको नियमित, पटके, आवधिक र विशेष मर्मत संभारको बार्षिक कार्य जिम्मेवारी पूर्वक तहाँबाट नै छनौट तथा स्वीकृत गरी छनौट प्रकृयामा सडक बोर्डको निर्देशिका वमोजिम फरक नपर्ने गरी प्रतिबद्धता सहित पठाइएको निम्न वमोजिमको बार्षिक कार्यक्रममा यस बोर्डको कार्यकारी समितिको मिति २०७५/११/२६ को निर्णयानुसार सहमति रहेको छ । यसरी सहमति प्रदान गरिएको सडक मर्मत संभार सम्बन्धि बार्षिक कार्यक्रम प्रचलित नियमानुसार संचालन, सम्पादन तथा सम्पन्न गरी समझदारी पत्रमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरू पेश गर्नहुन अनुरोध छ । साथै चालु आ.व.को जेष्ठ मसान्त भित्र स्वीकृत बार्षिक कार्यकमको कम्तीमा ७०% प्रगति पेश गरी सम्झौता बमोजिमको रकम निकासा लिनुहुन समेत अनुरोध गरिन्छ ।

**स्वीकृत कार्यकमको विवरण**

| सि.नं. | सडकको नाम | किसिम | कुल लम्बाई ( कि.मि.) | मर्मत लम्बाई ( कि.मि.) | कुल लागत (रु.) | सडक बोर्डले ब्यहोर्ने रकम ( रु.) |
|---|---|---|---|---|---|---|
| १ | हटलाईन देखि उत्तर जयप्रसादको घर हुँदै क्षेत्रिय अस्पताल र कुमाईचोक देखि जुम्ला सडक सम्मको सडक मर्मत | कालोपत्रे | २.२ | २.२ | ११,०४८,२२०.०० | ६,५००,०००.०० |
| जम्मा | | | | | ११,०४८,२२०.०० | ६,५००,०००.०० |

इ. कृष्ण सिंह बस्नेत
कार्यकारी निर्देशक

**बोधार्थ :**
१) श्रीमान् अध्यक्षज्यू, सडक बोर्ड नेपाल ।
२) श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना महाशाखा, सिंहदरबार ।
३) श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
४) श्री लेखा शाखा, सडक बोर्ड नेपाल ।
५) श्री प्राविधिक शाखा, सडक बोर्ड नेपाल ।
६) श्री प्रशासन शाखा : उपरोक्तानुसारको पत्र वेभसाईटमा अपलोड हुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. : +९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np

# सडक बोर्ड नेपाल तथा स्थानीय निकाय बीच सडक मर्मत सम्भार कार्यको लागि गरिएको समझदारी पत्र

**(Memorandum of Understanding)**

सडक बोर्ड नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने **कार्यकारी निर्देशक** (त्यसपछि प्रथम पक्ष भनेर संवोधन गरिएको) र सम्वन्धित वीरेन्द्रनगर नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने **प्रसाशकिय अधिकृत** (त्यसपछि दोश्रो पक्ष भनेर संवोधन गरिएको) बीच यो समझदारी कायम भएको छ ।

१. सडक बोर्ड ऐन २०५८, सडक बोर्ड नियमावली २०६०, सडक बोर्ड निर्देशिका २०६१, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, कार्यकारी समितिको निर्णय तथा निर्देशनको परिधिभित्र रहि सावधानी पूर्वक एवं दक्षताका साथ कार्य गर्न/गराउन आवश्यक श्रोत र साधन समेतको समुचित व्यवस्थापन गरी निर्दिष्ट गुणस्तर तथा वातावरणिय संतुलन कामय राख्दै दोश्रो पक्षवाट तोकिएको सडक मर्मत सम्भार प्राथमिकताका आधारमा स्वीकृत तथा प्रथम पक्षवाट सहमति भएका सडक मर्मत सम्भार सम्वन्धि वार्षिक कार्यक्रम अनुरुपको सडक मर्मत कार्य सम्पन्न गर्ने गराउने प्रतिवद्धता दाश्रो पक्षले व्यक्त गर्दछ ।

२. दोश्रो पक्षद्वारा ठेक्का वा उपभोक्ता समिति मार्फत संचालित कार्य, प्रथम पक्ष वा यसका प्रतिनिधि वा डोलिडारले निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने भएकोले सम्बन्धित सम्पूर्ण दस्तावेज उपलब्ध गराउने तथा निरीक्षणमा आवश्यक सहयोग उपलब्ध गराउने दायित्व दोश्रो पक्षको हुनेछ । नेपाल सरकारको आधिकारीक निकायहरुवाट निरीक्षणको क्रममा संचालित कार्यक्रमको गुणस्तर तथा प्रगति निर्धारित मापदण्ड अनुरुप नभएको जानकारी वोर्डलाई प्राप्त भएमा बोर्डले उपलव्ध गराउने रकम रोक्का गर्न सक्नेछ ।

३. दोश्रो पक्षवाट स्वीकृत एवं प्रथम पक्षको सहमती अनुसारको कार्यक्रम चालु आ.व. को जेष्ठ मसान्त भित्र कम्तीमा ७० प्रतिशतको प्रगती पेश गरी सम्झौता वमोजिमको रकम निकासा लिई सक्नु पर्ने छ ।

४. प्रथम पक्षले रकम निकासा दिंदा सडक बोर्ड निर्देशिका २०६१ दफा ४७ ले निर्धारण गरेको मापदण्डको परिधिभित्र रही निकासा दिने प्रतिवद्धता व्यक्त गर्दछ । यसरी निकासा दिंदा पहिलो निकासा रकम स्वीकृत बजेट अनुसार उपलब्ध गराइने छ र बांकी रकम संचालित कार्यक्रमको प्रगति तथा सम्झौता वा ठेक्का रकमको आधारमा हुनेछ ।

५. मासिक प्रतिवेदन, चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन, खर्चको फांटवारी लगायत अन्य आवश्यक विवरण प्रथम पक्ष समक्ष पेश गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

६. सडक बोडको स्वीकृत एकिकृत वार्षिक योजना (IAP) अनुसारको रकममात्र प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउन सक्नेछ ।

७. आर्थिक वर्ष भित्र विशेष वा कावु वाहिरको परिस्थितिको कारण सवै कार्य पूरा हुन नसकेको अवस्थामा सम्पन्न भएको कार्यको मात्र खर्च लेखाङ्कन गरिनेछ । वांकी कार्यहरु अर्को आर्थिक वर्षको कार्यक्रममा समावेश गर्न सकिने छ ।

८. दोश्रो पक्षको मातहत भित्र रहेका सम्पूर्ण सडकको तथ्याङ्क सडक बोर्डले निर्दिष्ट गरेको ढांचामा हरेक वर्ष पेश गर्नु पर्नेछ । प्रथम पक्षले विवरण प्राप्त गरेपछि उपलब्ध श्रोतको आधारमा आगामि आ.व.को लागि बजेट सिलिङ्ग उपलब्ध गराउनु पर्नेछ र सो कार्य सामान्यतया चालु आ.व.को श्रावण महिना भित्र गर्नु पर्नेछ ।

९. दोश्रो पक्षले वजेट सिलिङ्ग स्थानीय सडक मर्मत सम्भार सम्वन्धि वार्षिक कार्यक्रमको सहमतीका आधार स्थानीय निकायले व्यहोर्नु पर्ने म्याचिङ फण्ड समेत समावेश गरि चालु आ.व.को कार्तिक मसान्तभित्र सडक मर्मत सम्भारको वार्षिक कार्यक्रम स्वीकृत गरि प्रथम पक्षको सहमतिको लागि पेश गर्नु पर्ने छ ।

१० कुनै कारणवश कार्यक्रम संशोधन/थप गराउनु पर्ने भएमा वा विशेष कारणवस कार्तिक मसान्त भित्र कार्यक्रम स्वीकृत हुन नसकेको अवस्थामा चालु आ.व. भित्रै कार्य सम्पन्न गर्ने प्रतिवद्धताका साथ ढिलोमा चालु आ.व.को फाल्गुण मसान्त भित्र वार्षिक/शंशोधित/थप कार्यक्रम प्रथम पक्षको सहमतीको लागि पेश गर्नु पर्नेछ ।

११. दोश्रो पक्षले चालु आ.व.को आषाढ मसान्त भित्र खर्च गर्न नसकेको एकमुष्ठ वचत रकम सडक वोर्डमा फिर्ता गर्नु पर्नेछ ।

१२ कार्य सम्पन्न भएपछि दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदन, अन्तिम प्रगति प्रतिवेदन, अन्तिम लेखा परिक्षण र कार्यको गुणस्तरिय भए/नभएको प्राविधिक पुष्ट्याईको विवरणका साथै माग भएका अन्य विवरण भदौ पहिलो साता भित्र प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ । उपभोक्ता समितिबाट भएको कार्यको हकमा "सडक बोर्ड निर्देशिका २०६१" मा उल्लेख भए अनुसारका कागजातहरु प्रथम पक्षलाई उपलब्ध गराउनु पर्ने छ ।

१३. सडक वोर्ड नेपाल तथा डोलिडारको अनुगमनको क्रममा सम्वन्धित निकायले प्राथमिकताको क्रम वाहेक अन्य कार्यमा खर्च गरेको पाईएमा आगामि वर्षको कार्यक्रममा विनियोजित रकम घटाउन/रोक्न सक्ने छ ।

१४. कार्य सम्पादन मूल्यांकनको आधारमा डोलिडार वा प्रथम पक्ष आफैले प्रत्यक निकायको Performance मूल्यांकन गर्ने छ भन्ने दुवै पक्षलाई मञ्जुर छ ।

| प्रथम पक्षको तर्फबाट | द्धितिय पक्षको तर्फबाट |
|---|---|
| नाम : इ. कृष्ण सिंह बस्नेत | नाम : कृष्ण बहादुर खड्का |
| पद : कार्यकारी निर्देशक | पद : प्रसाशकिय अधिकृत |
| दस्तखत : | दस्तखत : |
| कार्यालयको छाप : | कार्यालयको छाप : प्रमुख प्रशासकीय अधिकृत |
| मिति : | मिति : २०७५/०८/२१ |
| **साक्षी :** | **साक्षी :** |
| नाम : इ. श्याम खनाल | नाम : बिशाल अधिकारी |
| पद : प्राविधिक निर्देशक | पद : इन्जिनियर |
| दस्तखत : | दस्तखत : |